

# हाम्रो भनाइ

स्वयं अपाङ्गता भएका महिलाको पहलमा नेपाल अपाङ्ग महिला संघ अपाङ्गता भएका महिला तथा बालबालिकाको अधिकार सुनिश्चितताका लागि वि.सं. २०५४ सालमा राष्ट्रियस्तरमा स्थापना भएको हो । अपाङ्गता भएका महिलाद्वारा नै नेतृत्व गरेको संस्थाले लैंगिक समानता, सामाजिक न्याय, अपाङ्गता भएका महिलाको समावेशी सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्न स्थानीय तहदेखि संगठित गरि क्षमता बढाउँदै संघियस्तरसम्म नीतिगत वकालत, कानुन कार्यान्वय र लैंगिक हिंसाविरूद्धका अभियान र प्रभावितलाई न्यायमा पहुँच र राज्यका सेवा सुविधाका वारेमा अभिमुखिकरणलगायत काम प्रमुख रूपमा गर्दै आएको छ ।

अपाङ्गता भएका महिलाको शसक्तिकरण गरी आफूमाथिको लैंगिक विभेदविरूद्ध लड्न सक्ने वनाउन समुदाय तहदेखि नै आवाज बलियो बनाउनुपर्छ भन्ने मान्यतालाई केन्द्रमा राखेर यस संस्थाले अपाङ्गता भएका महिला र उनका अभिभावकलाई सञ्जालमामा आवद्ध गर्दै संगठित गरि नेतृत्व तयार पार्ने काम गरिरहेका छ । यसर्थ स्थापनकालदेखि नै अधिकारमुखी अवधारणालाई प्रवर्द्धन गर्दै हाम्रो निर्णायक तहमा प्रतिनिधित्व, श्रोतमा पहुँच र अवसरको सदुपयोग गर्नुपर्छ त्यसको लागि जसको सवाल उसैको प्रतिनिधित्वको मान्यतालाई आत्मसात गर्नु अपाङ्गता महिला आन्दोलनको वलियो पक्ष पनि हो । यसरी हेर्दा अभियानको लामो यात्रामा थुप्रै उपलब्धी र सफलता हात पार्न सक्षम भएका छौं जसको उदाहरण स्वरूप अपाङ्गता भएका महिलाको शैक्षिकस्तर वृद्धि, बौद्धिक विकास, नेतृत्व क्षमताको विकास, आर्थिक रूपमा आत्मनिर्भर र स्वरोजगार वन्न पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दै राज्यका नीतिलाई पनि केही मात्रामा लैंगिकमैत्री बनाउन सफल भएका छौं । साथै परिवार र समाजले हेर्ने दृष्टिकोण पनि सकारात्मक वन्न सघाउ पुऱ्याएको छ ।

संघले अपाङ्गता भएका महिलाको आत्मसम्मानसहित समाजमा अन्यले जत्तिकै जीवनयापन र बाँच्न पाउने अधिकारको वकालत गर्दै लैंगिक हिंसा यौन हिंसाविरूद्धको अभियान, आर्थिक शसक्तिकरण, जलवायु परिवर्तनमा अपाङ्गता भएका महिलाको सवाल, राजनीतिक सहभागिता साथै अपाङ्गतामा पनि सिमान्तकृत समुदायलाई अगाडी ल्याउने, नया र युवा नेतृत्व तयार गर्ने योजना आफ्नो नया पञ्चवर्षीय रणनीतिक योजनामा पनि प्राथमिकताका अगाडी बढाउने प्रतिवद्धता गरेको छ ।

यो वार्षिक बुलेटिनमा नेपाल अपाङ्ग महिला संघले एकवर्ष भित्र (२०२२ जनवरीदेखि डिसेम्बरसम्म) सञ्चालन गरेका यस्तै अभियानहरू र गतिविधिहरूको संक्षिप्त विवरण समेटिएको छ ।

संस्था स्थापनाको २५ वर्षे यात्रासम्म आइपुग्दा संघले थुप्रै क्रियाकलापहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सहभागिता वढाएको छ । संजाल विस्तार गरेको र स्वंय अपाङ्गता भएका महिलाहरूले विभिन्न क्षेत्रमा सहभागिता र नेतृत्व गरिरहेको अवस्थालाई महत्वपूर्ण उपलब्धीको रूपमा लिन सकिन्छ ।

यसवीचमा नेपाल सरकार र अन्तर्राष्ट्रिय साझेदार निकायहरूले समेत आर्थिक, प्राविधिक र विज्ञताको सहयोग, साझेदारीका कारणले संघ अहिले राष्ट्रियरूप मै एक स्थापित संस्थाको पहिचान वनाउन सफल भएको जानकारी गराउँदै हामी सवैप्रति आभार व्यक्त गर्दछौं । यसैगरि संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सहयोग गर्ने व्यक्ति र संस्थाहरू, कर्मचारी तथा स्वयंसेवकहरूलाई पनि आगामी दिनमा समेत यस्तै हातेमालोको अपेक्षासहित धन्यवाद तथा आभार व्यक्त गर्दछौं ।

**टीका दाहाल**
अध्यक्ष
नेपाल अपाङ्ग महिला संघ,
कालोपुल, काठमाडौं ।

# हाम्रो बारेमा

नेपाल अपाङ्ग महिला संघ २०५४ सालमा अपाङ्गता भएका महिलाको शसक्तिकरण, विकास र हिंसा प्रभावित महिलाको न्यायको पहुँच सुनिश्चित गर्नका लागि वकालत, पैरवी र सचेतना जगाउने कार्यमा निरन्तर रूपमा लागि परेको छ । अपाङ्गता भएका महिलाको नेतृत्व विकास, स्थानीय तहका जनप्रतिनिधिहरूलाई अपाङ्गतासम्बन्धी अभिमुखीकरण गर्ने तथा अपाङ्गता भएका हिंसा प्रभावित महिलाको पुनर्स्थापना र न्यायका लागि अभियानहरू संचालन गर्ने कार्यलाई स्थापनाकालदेखि नै निरन्तरता दिंदै आएको छ ।




यसरी, NDWA ले देशको सहरी, ग्रामीण र दुर्गम तथा विकट क्षेत्रहरूमा रहेका अपाङ्गता भएका महिलालाई आफ्नो अधिकार प्रति सचेत, सक्षम र सशक्त बनाउने कार्यक्रमलाई प्रवर्द्धन गर्दै आएको छ ताकि उनीहरूले आफ्नो अधिकार प्रयोग गर्न आफै पहल गरून् । अपाङ्गताभित्र पनि मूलप्रवाहमा आउन नसकेका जस्तै दलित, जनजाति, मधेसी, LGBTIQ अपाङ्गतालगायत पूर्ण र अति असक्त अपाङ्गता भएका महिला/बालिकाको त्मविश्वास बढाउन र आत्मसम्मान सहित जीवनयापन गर्ने वातावरणको सुनिश्चित गर्न अहिलेको आवश्यकता हो । यस परिप्रेक्ष्यमा शिक्षा, स्वास्थ्य, रोजगारी, पुनर्स्थापना र सामाजिक सुरक्षालगायतका महत्वपूर्ण सवालहरूमा वकालत गर्न नेपाल अपाङ्ग महिला संघले निकै ठुलो भूमिका निर्वाह गरेको छ ।

## संस्थाको परिकल्पना

अपाङ्गता भएका महिला तथा बालिकाहरू समतामूलक, समावेशी तथा न्यायपूर्ण समाजमा स्वाभिमानपूर्वक जिवनयापन गरिरहेका हुनेछन् ।


## संस्थाको ध्येय

अपाङ्गता भएका महिला तथा बालिकाहरूलाई समाजका सबै क्षेत्रमा समावेशीकरण, अधिकारको व्यवस्था र उपभोगका लागि संगठित सशक्तिकरण र वकालत गर्ने



# कार्यकारी सारांश

नेपाल अपाङ्ग महिला संघले नीतिगत पैरवीका लागि नीतिनिर्माताहरूसँग सहकार्य गर्दै आएको छ भने अपाङ्गता भएका महिलाहरूको शसक्तिकरणका लागि समुदायमा क्षमता अभिवृद्धि गर्ने काम गर्दै आइरहेको छ । यसका लागि संघले ३३ वटा जिल्लामा १ सय २० भन्दा धेरै पालिकादेखि प्रदेश र केन्द्रसम्म अपाङ्गता भएका महिलामाथि हुने हिंसा न्यूनिकरण तथा अन्त्य गर्ने, न्याय दिलाउन पहल गर्ने, महिलाहरूको नेतृत्व विकास गर्दै शिक्षा, स्वास्थ्य, तालिम, सचेतनामूलक अभियान र स्वरोजगारलाई प्राथमिकता दिई कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । साथै हिंसा प्रभावित, विभेद र अन्यायमा पारिएका अपाङ्गता भएका महिलाको अल्पकालीन र दिर्घकालिन पुर्नस्थापना गर्ने, कानुनी सहायता र न्यायमा पहुँच अभिवृद्धि गर्ने कार्यमा सहजीकरण र सहयोग पुऱ्याउँदै आएको छ । यी उद्देश्य पुरा गर्न संघले विभिन्न अभियान गतिविधि तालिम, पैरवीहरू गर्दै आएको छ । २०२२ मा नेपाल अपाङ्ग महिला संघले आयोजना गरेका विभिन्न तालिम, सम्मेलन, अभियान र पैरवीका कार्यक्रमहरूमा ३ हजार ३३५ जना भन्दा धेरै अपाङ्गता भएका महिला, व्यक्ति तथा अन्य सरकारी तथा सरोकारवाला निकायका प्रतिनिधि, सहभागी भए ।



# हालको कार्यक्षेत्र


PROVINCE NO. 7
Darchula
Bajhang
Baitadi
Bajura
Dadeld-hura
Doti
Achham
Kanchan-pur
Kailali
PROVINCE NO. 6
Humla
Mugu
Jumla
Kalikot
Dolpa
Dailekh
Jajarkot
Ru-kum
Surkhet
Salyan
PROVINCE NO. 5
Bardiya
Banke
Dang Deukhuri
Rolpa
Pyuthan
Bag-
Gulmi
Arghak-hanchi
Palpa
Kapilvastu
Rupan-dehi
parasi
PROVINCE NO. 4
Mustang
4 Parbat
Manang
Myagdi
Kaski
Lamjung
Gorkha
lung
4
Syangja
Tanahun
Nawal-
PROVINCE NO. 3
1 Bhaktapur
2 Kathmandu
3 Lalitpur
Rasuwa
Dha-ding
Nuwakot
Sindhup-alchok
Dolakha
Chitwan
Makwanpur
1
2
3
Kabhrep-alanchok
Ramech-hap
Sindhuli
PROVINCE NO. 2
Parsa
Bara
Rauta-hat
Sarlahi
Ma-hot-tari
Dhanu-sha
Siraha
Saptari
PROVINCE NO. 1
Soluk-humbu
Sankhuwa-sabha
Taplejung
Okhald-hunga
Khotang
Bhojpur
Terha-thum
Panch-thar
Dhan-kuta
Udaya-pur
Ilam
Sunsari
Morang
Jhapa

# अपाङ्गता अभियान (गतिविधिहरू)

## क्षमता अभिवृद्धि तालिम तथा सम्मेलन

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि नेपाल सरकारले विभिन्न कानुन नियम बनाएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकारका सम्बन्ध ऐन २०७४, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा छ । यी कानुनमा अपाङ्गता भएका व्यक्तिले राजनीतिक, सामाजिक,आर्थिक र साँस्कृतिक अधिकार अन्य व्यक्तिसरह समान हुने कुरा उल्लेख छ ।

यसैगरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि CRPD ले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार पनि अरू व्यक्तिको जति नै छ भन्ने कुरा निश्चित गर्न, उनीहरूले सबै मानव अधिकार उपयोग गर्न पाउनुपर्छ र अरू मानिसहरू जति नै स्वतन्त्र र इज्जतका साथ बाँच्न पाउनुपर्छ भन्ने कुरा निश्चित गरेको छ ।



अन्तर्राष्ट्रिय सन्धि महासन्धिका आधारमा नेपाल सरकारले बनाएका कानुनले अपाङ्गता भएका व्यक्तिको सार्वभौम अधिकारका बारेमा उल्लेख गरेपनि कार्यान्वयन भएको छैन । अर्कोतिर यी कानुन अपाङ्गता भएका महिलाका बारेमा मौन छन् । परिचयपत्र पाउने वा सार्वजनिक उपभोगका भौतिक संरचनाहरू अपाङ्गतामैत्री भएमा महिलालाई पनि सहज त हुन्छ तर महिला भएकै कारण र अपाङ्गता भएका महिला भएकै कारण वा दलित महिला त्यसमाथि अपाङ्गता भएमा उनीहरूमाथि दोहोरो तेहेरो र बहुहिंसा भइरहेको छ ।

यी र यस्तै धेरै कुरा सम्बोधन गर्न राज्य चुकेको छ । नीति बनाउने र कार्यान्वयन गर्ने जिम्मेवारीमा बसेकाहरूलाई झक्झक्याउने, कार्यान्वयन गर्न आवाज उठाउने, दवाव दिने र पैरवी गर्ने यी तमाम विषय बस्तु र मुद्दा अनि यसको कार्यान्वयनको अवस्थाका बारेमा जानकारी राख्नु अति आवश्यक हो । त्यसैले नेपाल अपाङ्ग महिला संघले नेपाल सरकारले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय महासन्धि र अपाङ्गता अधिकारसम्बन्धी राष्ट्रिय कानुन र नियमावलीका बारेमा जानकारी दिइ आफ्ना सदस्य र अपाङ्गता अधिकारमा काम गर्ने अधिकारकर्मीहरूको क्षमता बढाइ आ–आफ्नो तहबाट वकालत पैरवी गर्नका लागि सक्षम बनाउने उद्देश्यले सन् २०२२ भरी नै पनि विभिन्न तालिमको आयोजना गरिसकेको छ । साथै अपाङ्गता भएका महिला/बालिकाहरूमाथि हुन सक्ने हिंसा न्यूनीकरण तथा रोकथामका लागि सेवा प्रदायक निकाय र सो क्षेत्रमा कार्य गर्ने संस्था तथा निकायहरू) लक्षित समूहहरू (अपाङ्गता भएका महिला तथा बालिकाहरू/बालिका सशक्त भई, अपाङ्गता भएका महिला/बालिकाहरूका सवाल तथा मुद्दाहरूको समर्थन, सम्बोधन अधिकार र न्याय दावी गर्नका लागि सक्षम बनाउन र हिंसा पीडित महिलाका लागि स्वहेरचाह, अपाङ्गता भएका महिलामाथि हुने हिंसालाई संवेदनशील भइ न्याय निरूपण गर्ने, उपचारगर्ने र न्याय दिने निकायहरूले कसरी सम्वोधन गर्ने भन्ने विषयमा एकद्वार संकट व्यवस्थापन केन्द्र, नेपाल प्रहरीलगायत महिलामाथि हुने हिंसा अन्त्यका लागि सक्रिय नागरिक समाज र अपाङ्गता क्षेत्रमा कार्यरत संघसंस्थाका प्रतिनिधिहरूलाई क्षमता अभिवृद्धि तालिम आयोजना भयो ।

साथै ५ वटा जिल्लामा ४२ वटा पालिकाका जनप्रतिनिधि र अपाङ्गता समन्वय समितिका सदस्यलाई अपाङ्गता ऐनका र यसमा भएका प्रावधानका बारेमा अभिमुखिकरण गरियो भने पहुँचयुक्त मतदाता शिक्षा कार्यक्रम पनि गरिएको थियो ।

# सिकाईको समावेशी ढाँचा सम्बन्धी शिक्षकहरूलाई तालिम र प्रविधि हस्तान्तरण

सिकाइको समावेशी ढाँचा र यसमा प्रविधिको प्रयोग सम्बन्धी ५० वटा विद्यालयका एकसय जना शिक्षकका लागि ४ वटा तालिम सम्पन्न भएका छन ।

कक्षा कोठामा भइरहेका परम्परागत अभ्यासलाई परिमार्जन गर्दै प्रविधि र समावेशी ढाँचा (universal Design for Learning -UDL) का आधारमा पढाउँदा सिकाइ उपलब्धी धेरै हुनुका साथै बालबालिकाको सिकाइ सुधारका लागि शैक्षिक सामग्री र तालिम उपलब्ध गराइ अपाङ्गता भएका बालबालिकाका लागि पनि समान सिकाइ उपलब्धी हासिल गर्न र शैक्षिक प्रविधिको प्रयोग गरि सिकाइमा विविधता र आवश्यकता सम्बोधन गर्न तालिमको आयोजना गरिएको हो ।

तालिम प्रारम्भिक तहका बालबालिकाको सिकाइ उपलब्धी सुधार गर्न सहयोग पुर्‍याइ सिकाइको समावेशी ढाँचालाई स्थानीयकरण गर्दै यसको प्रयोगमा ब्यापकता ल्याउन शिक्षकको क्षमता विकास गर्न लक्षित थियो ।

विश्व शिक्षा (World Education Inc) को साझेदारीमा नेपाल अपाङ्ग महिला संघले Leveraging Existing Accessibility Resource in Nepal–LEARN परियोजना अन्तर्गत अपाङ्गता भएका बालबालिका लगायत प्रारम्भिक कक्षाका सबै बालबालिकाको भाषिक र पठन सिप सुधारका लागि बागमती प्रदेशको ५० वटा स्कुलका १०० जना शिक्षकलाई तालिम दिएको हो ।

शिक्षा मानवश्रोत तथा विकास केन्द्र सानोठिमीसँगको समन्वयमा प्रथम चरणको पाँच दिने प्रशिक्षक प्रशिक्षण तालिमबाट प्रशिक्षित प्रशिक्षकहरूले शिक्षकहरूका लागि आयोजना गरिएको तालिमको सहजीकरण गरेका थिए । शिक्षा मानवश्रोत तथा विकास केन्द्रसँगको सहकार्यमा र केन्द्र कै प्राविधिक सहयोगमा तयार गरिएको तालिम सामग्रीमा आधारित रही यो तालिम दिइएको हो ।

तालिममा अपाङ्गता र समावेशी शिक्षा, प्रारम्भिक पहिचान र व्यक्तिगत शैक्षणिक योजना, एकिकृत पाठ्यक्रम, सिकाइको समावेशी ढाँचा र यसका सिद्धान्त र अपाङ्गता र प्रविधिका विषयमा शिक्षकहरूलाई तालिम दिइएको थियो ।

तालिमकै क्रममा विद्यालयहरूलाई कक्षा एक देखि तीन सम्मका लागि पठन सामग्री हस्तान्तरण गरिएको थियो भने तालिमपछि विद्यालयको आवश्यकता अनुसार ५० वटै विद्यालयमा शैक्षिक सामग्री सहितको पेन ड्राइभ, टीभी स्कृन र प्रोजेक्टर कक्षा कोठा मै राखिएको छ भने विद्यार्थीलाई सिकाइमा सहयोग गर्न ट्याब्लेटहरू हस्तान्तरण गरिएको छ ।






केश स्टोरी

# रोकेन मलाइ मेरो अपाङ्गताले

दिपा देवकोटा



म दिपा देवकोटा कक्षा आठमा पढ्दै थिएँ मेरो मेरूदन्ड, स्पाइनलको शल्यक्रिया भयो ।

मेरो मेरूदन्डमा ट्युमर थियो । मेरो शरिरमा असर पुर्‍याउँदै जान थालेपछि डाक्टरको सल्लाह अनुसार ट्युमर फाल्नुपर्नेभयो । नफाल्दा पनि क्यान्सर हुने सम्भावना थियो ।

शल्यक्रिया बनेपास्थित अपाङ्ग बाल अस्पतालमा भयो । शल्यक्रियाको दुईदिनपछि होस आउँदा मेरो कम्मरबाट तलको भाग नै केही चलेको रहेनछ । थेरापीले पछि बिस्तारै मेरो कम्मरबाट तल चल्दै जानथाल्यो अब मलाइ दिसा, पिसाव आएको थाहा हुन थाल्यो, दाहिने खुट्टा राम्रोसँग चल्न थाल्यो तर देब्रे खुट्टा चलेन ।

मैले मेरो रोकिएको पढाईलाइ निरन्तरता दिन थालें । स्कुल घर नजिकै भएका कारण मलाई स्कुल जान आउन त्यति गाह्रो थिएन । मैले पढ्दै गरेको स्कुल कक्षा आठसम्ममात्रै थियो । अब ९, १० पढनका लागि एकघन्टाको बाटो हिँडेर जानुपर्ने थियो । स्कुल जानआउन निकै गाह्रो थियो तरपनि मैले ९, १० र एसएलसी पास गरें ।

त्यो अवस्थामा मलाइ देख्नेले केही भन्ने हुनकी भन्ने डरले म मान्छेको अगाडी आउन पनि डराउथें । बाटोमा हिड्दा मलाइ अमर्यादित शब्दले जिस्क्याउने, घरमा आउने मान्छेले विचरा पुर्वजन्मको पाप भोग्नुपरेको, बा आमालाई बोझको भारी जिन्दगी बरबाद भयो कसरी गरेर खानु यस्ताले भन्ने यसरी भनेको सुन्दा घरमा कोही मान्छे आए भने म घन्टै कोठा भित्र थुनिएर बस्थें । तर जसले जे भनेपनि पढाइ अघि बढाउनुपर्ने थियो । घरबाट सिमराको औराह कलेज ११ मा भर्ना गरिदिनुभयो ।

एकदिन एकजना केटा मान्छे मलाइ खोज्दै घरमा आइपुगे । उनी म अपाङ्गता भएको थाहा पाएर आएका रहेछन् । मलाइ पहिलो पटक कसैले 'अपाङ्ग' भनेको सुनें । किन भनेको होला मलाइ अपाङ्ग भन्नेजस्तो लाग्यो । उहा अपाङ्ग सेवा संघ बाराको अध्यक्ष गंगा वाग्ले हुनुहुदो रहेछ । उहाँसँग कुरा गरें । उहाँले मलाइ छुटै उर्जा र धेरै आत्मविश्वास दिलाउदै भन्नुभयो 'तिमीले धेरै पढेर अगाडी बढ्नुपर्छ, केही परे म सहयोग गर्छु तर कहिले हिम्मत हार्नु हुदैन । मलाइ र मेरो समस्यालाई यतिधेरै गहिराइबाट बझ्ने मान्छे पहिलो पटक भेटें उहाँ कै प्रयासबाट मैले कलेजमा छात्रवृतिमा पढ्ने अवसर पनि पाएँ । उहाँले अपाङ्गताको विभिन्न कार्यक्रमहरूमा पनि मलाई बोलाउन थाल्नुभयो । यसै क्रममा नेपाल अपाङ्ग महिला संघको कार्यक्रममा सहभागी हुने मौका पाएँ । त्यहा मैले अपाङ्गता भएका आफूजस्तै धेरै महिला साथीहरू देखें । यसपछि म नेपाल अपाङ्ग महिला संघसँग निरन्तर जोडिए र विभिन्न कार्यक्रमा सहभागी भइ धेरै कुरा सिक्ने अवशर पाएँ । यी अवशरहरूले मलाइ अब कुनैपनि काम गर्न मेरो अपाङ्गताले रोक्छ भन्ने लाग्न छाड्यो । मेरो आत्मविश्वास उच्च भयो । अपाङ्गताको विषयमा झनै गहन रूपले विश्लेषण गर्दै आफुलाइ परिपक्व बनाउदै लगें । मेरो हरेक उर्जामा टेवा दिई मलाइ यो स्थानमा पुर्याउने नेपाल अपाङ्ग महिला सघंको देन हो ।

म जस्तै अपाङ्गता भएका व्यक्तिहरूका लागि काम गर्छु जो अपाङ्गता भएकै कारण विभिन्न हिंसा सहिरहेका छन् । घर परिवार, समाजबाट विभेदमा परेका छन् । हिंसामा परेका अपाङ्गता भएका महिलाका न्यायका लागि आवाज उठाउने र सम्पुर्ण अपाङ्गता भएका व्यक्तिहरूका हक अधिकार सुनिश्चित गर्नेका लागि मैले सिन्धुली अपाङ्ग महिला संघको स्थापना गरें । अहिले म सिन्धुलीमा अपाङ्गता भएका व्यतिहरूको अधिकारका लागि काम गदै आइरहेकी छु । राजनीतिमा पनि सक्रिय रही अहिले नेपाली काँग्रेस सिन्धुलीको क्षेत्रीय प्रतिनिधि भइ योगदान पनि पुऱ्याइरहेकी छु ।

भर्खरै राष्ट्रिय अपाङ्ग महासंघको केन्द्रिय सदस्य निर्वाचित भएकी छु । साथै महासंघको बागमती प्रदेशको सिन्धुली जिल्ला फोकल पर्सनको रूपमा काम गरिरहेकी छु । यसैगरी महिला मानव अधिकार रक्षक संजाल सिन्धुलीको सदस्य, राष्ट्रिय महिला अधिकार मञ्च सिन्धुलीको सदस्य, ॅऋयगलत ःभू अभियानमा रही अपाङ्गता भएका युवाहरूलाई अपाङ्गताको विषयवस्तु र अधिकारको सवालमा निरन्तर पैरवी गरिरहेकी छु । कमलामाइ नगरपालिकाको अपाङ्गता समन्वय समिति/अपाङ्गता परिचयपत्र वितरण समितिमा सदस्य छु । व्हीलचियर महिला बास्केटबल खेलकुदमा पनी सहभागी भै खेलकुदमा पनि सक्रिय छु ।

हाल म नेपाल अपाङ्ग महिला संघको केन्द्रिय कार्यसमिति सदस्य रही अपाङ्गता भएका महिलाको हक, अधिकार र न्यायमा पहुँचका लागि कार्यरत छु ।

यस प्रकारका जिम्मेवारी लिन सक्षम भैरहँदा हिजो दिपाले केही गर्न सक्दिन भनेर कमजोर ठान्नेहरूले अहिले दिपा जस्तो हुनुपर्छ भन्न थालेका छन् जुन मेरो बलियो पक्ष र सफलता पनि हो जस्तो लाग्छ । मेरो कुरा नसुन्ने, विश्वास नगर्नेहरू आज मेरो कुरा सुन्ने मात्र हैन अपाङ्गता भएका महिलाका सवालमा समस्या आएमा मलाइ धेरै खोज्न थालेका छन् । पहिला मलाइ अमर्यादित शब्दले सम्बोधन गर्नेहरू अहिले मलाइ दिपा भन्ने भएका छन् ।

मान्छेहरू मलाइ हामी अपाङ्गता नभएपनि गर्न नसकेको काम तिमीले अपाङ्गता भएर गरेकी छौ भन्दै उदाहरण दिन्छन् ।

अपाङ्गताले रोक्ने हैन रहेछ आफ्नो आत्मविश्वास बलियो बनाएर अठोट र निरन्तरताले असम्भव केही रहेनछ भन्ने म आफ्नो अवस्थालाई तुलना गरेर भन्न सक्छु ।

# वकालत / पैरवी




नेपाल अपाङ्ग महिला संघले नीतिगत पैरवीका लागि नीति निर्माताहरूसँग सहकार्य गर्दै आएको छ । संघले अपाङ्गता भएका महिलाहरूको सवालहरूलाई मानव अधिकार, विकास र मानवीय सम्वेदनासँग जोडेर नीति नियम कानून कार्यक्रम तथा अन्य विकासका संरचनाहरू बनाउन, स्थानीय, प्रदेश तथा संघीय तहका योजना तर्जुमाको सात वटै चरणमा अपाङ्गता भएका महिला तथा सबै प्रकारका अपाङ्गता भएका व्यक्ति तथा उनिहरूको प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता सुनिश्चित, अपाङ्गता भएका ब्यक्ति तथा महिलाहरूको खण्डिकृत तथ्याङ्क अध्यावधिक गरि शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, पुर्नस्थापना, क्षमता विकासका तालिमका कार्यक्रम संचालन गर्न राज्यका तिनै तह जिम्मेवार हुनुपर्नेलगायतका विषयमा ध्यानाकर्षण गराउन राज्यका विभिन्न तहमा वकालत पैरवी जारी राख्यो । नियम कानुनको कार्यान्वयन संसोधन पहुँचयुक्तता समावेशी शिक्षा समावेशी सहभागिता अपाङ्गतामैत्री निर्वाचन प्रक्रियासरकारका नीति तथा कार्यक्रम र बजेटलगायतका विषयमा संघले महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सर्वोच्च अदालत, राष्ट्रिय योजना आयोग मानव स्रोत तथा विकास केन्द्र र राजनितिक दलको नेतृत्व र स्थानीय तहहरूमा निरन्तर पैरवी वकालत जारि राख्यो ।





# सरोकारवालाको प्रतिवद्धता



अपाङ्गता कोषमा ५.५ करोड बजेट आएको पनि थियो तर केही गर्न नसकेर त्यो फ्रीज भएर गयो । त्यस कारणले पनि हामीले अपाङ्गता भएका साथीहरूलाई कम गरेर सेवा पुर्‍याउन नसकेको अवस्था छ ।

सरकारबाट के गर्न सकिन्छ त्यसको लागि हामी नीति पनि तय गर्छौं । अपाङ्गता मैत्री उद्यमी बनाउन, महिलाहरूलाई प्रवर्द्धन गर्ने प्रयास गरेका छौँ, अपाङ्गता क्षेत्रमा कार्यरत संस्थाहरूलाई हामी सक्दो सहयोग गर्ने छौं ।

**उमा रेग्मी, मन्त्री**
महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय



मतदानको अधिकार भनेको मानवअधिकारको विषय र त्यो सिलसिलामा अहिलेका सबै झन्डै ११ हजार मतदाता स्थलहरू अपाङ्गता, महिला मैत्री हुनुपर्दछ, ज्येष्ठ नागरिकहरूलाई अलिकति सहज हुनु पर्दछ, अनि सुत्केरी र गर्भवती महिलालाई पनि विशेष व्यवस्था गरिनुपर्दछ भनेर केही ठाउँलाई रिलोकेट गरिएको छ ।

शत-प्रतिशत नै अपाङ्गता मैत्री छन् भनेर म दावी गर्दिन,किनकी पुग्ने बाटो अपाङ्गतामैत्री नहुन सक्छ, भएकै संरचना भित्र गर्ने पर्नेहो तर हामीले अहिलेको निर्वाचन, आउँदो निर्वाचनको सन्दर्भमा पर्यवेक्षण गर्दा हाम्रा क्रियाकलाप लैंगिक समावेशी कतिको भए, साथै कतिको अपाङ्गतामैत्री छ कि छैन त्यहाँका सबै व्यवहार, क्रियाकलाप र संरचनाहरू भनेर हामी हेर्छौं । यो सूचक भित्र परिसकेको छ । पहिलाको भन्दा राम्रो हुन्छ तर फेरी पनि त कमी कमजोरी त हुन्छ नै । कहाँ आवश्यक पर्छ त्यसलाई हामीले थप संसोधन गर्दै, परिमार्जन गर्दै, व्यवस्थित गर्दै, राज्यको एउटा ठुलो क्षेत्र ओगटेको छ । त्यो अवसरबाट बन्चित भयो भने हाम्रो संविधानकै परिकल्पना गरेको र समानुपातिक समावेशी प्रतिनिधित्वको अवधारणा मै असर पर्छ । यो कुरा सोचेर तदनुसार गर्नको निम्ति तपाईहरू पनि लागिरहनु भएको छ र आयोग पनि यो प्रति संवेदनशील छ ।

**दिनेश कुमार थपलिया**
प्रमुख निर्वाचन आयुक्त



समावेशी तरिकाबाट हामीले सबै समूहका समस्यालाई समाधान गर्ने धेरै प्रयास गरेका छौं तर सोचे जस्तो कार्यान्वयन गर्नसके का छैनौं । यो समस्या समाधान गर्न हामी सबै समूहसँग बस्छौं । संघीयता आइसकेपछि पनि समूहगतरूपमा समन्वय भएन र संविधानले दिएका अधिकार सरकारले प्रत्याभुत गर्न नसक्दा आएका समस्या बारे सरकारका सबै तहले महसुस गरेका छन् ।

यी समस्यालाई अनुभव हुने गरी कार्यान्वयन गर्न यहाँहरू सबैको सहयोग जरूरी छ । सही समावेशी नगर्दा तथ्याङ्कमा आएका समस्या बारे म सबै विभागका साथीहरूसँग सेयर गर्छु र हजुरहरूका माग सम्बोधन गर्ने प्रयास गर्छु ।

सामूहिक रूपमा तपाई र हामी एउटै आवाज भएर आगाडि बढ्नु पर्छ । यस्का लागि तपाईले सरकारलाई सहजीकरण, प्रेरित, दवावर वकालत गर्ने काम निरन्तर गरिरह्नु होला। म र मेरो टिमबाट जति हुन सक्छ त्यति सहयोग गर्दै तपाईहरूले दिएका सुझावहरूलाई हिजो भन्दा अझै राम्रोसँग सम्बोधन गर्ने प्रतिबध्द छौ ।

**सलोनी प्रधान सिंह,**
सदस्य, राष्ट्रिय योजना आयोग



राष्ट्रिय समावेशी आयोगले अपाङ्गताको मुद्दा प्रति गम्भीर छ । अपाङ्गता भएका व्यक्तिको लागि चलाइएका विद्यालयमा जाने र त्यहाँ निरीक्षण गर्ने, अपाङ्गता समावेशीताको कुराहरू हेर्ने बारे सोची रहेका छौ । अपाङ्गताको वर्गिकरण मिलेको छ कि छैन, त्यसलाई नया तरिकाले सोच्न पर्ने हो कि हैन, त्यो बारे पनि हामीले अध्ययन गर्न पर्नेछ । अपाङ्गता भएकै व्यक्तिको त्यो किसिमको विशेषज्ञ हुनुहुन्छ भने वहाँलाई हामीले स्वागत गर्छौं । नीति बनाउँदा हामी त्यसलाई प्राथमिकता दिन्छौं । त्यसमा पनि महिलालाई प्राथमिकता दिन्छौं, त्यसमा पनि जनजाती अदिवासी छन् भने, हामी प्राथमिकता दिन्छौं ।

हामी संवैधानिक आयोगहरूमा पनि अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व हुनुपर्छ । समावेशीको सही अर्थलाई राज्यले बुझ्न जरूरी छ। आयोगले निकट भविष्यमा समावेशीताको बारेमा अध्ययन गर्दैछ ।

**रामकृष्ण तिमिल्सेना,**
अध्यक्ष, राष्ट्रिय समावेशी आयोग

# सांसदहरूको प्रतिवद्धता



राजनीतिक दल दर्ता गर्दा मधेशी जनजाति लगायत ३३ प्रतिशत महिला हुनुपर्ने व्यवस्था छ अव यसमा अपाङ्गता भएका महिला पनि हुनुपऱ्यो भनेर हामी प्रयास गर्नेछौं ।

**समिना हुसेन सांसद**



अपाङ्गता भएका महिलाको राजनीतिमा सहभागिताका लागि कोटा छुट्टयाउन बाध्यकारी कानुन ल्याउन सदन र संसदीय समितिहरूमा कुरा उठाउने र संशोधन हाल्ने काममा समन्वय गरेर अघि बढौं । यो काममा हाम्रो प्रतिवद्धता छ ।

**दुर्गा पौडेल**



समानुपातिक निर्वाचन प्रणालीमा अपाङ्गतालाई समावेश गरिएको छ तर अपाङ्गता भएका महिला कति भन्ने छैन । महिला आन्दोलनले पनि महिला भित्रको समावेशीतालाई सम्वोधन गरेन । महिलाको ३३ प्रतिशत सहभागिताभित्र अपाङ्गता भएका महिला परेका छैनन् । सडक र सदनबाट खबरदारी नपुग्दा कार्यान्वयनमा समस्या छ । यी समस्या सम्बोधनका लागि दलका नेतासँग छलफल गरौं । जनवर्गीय र भ्रातृ संगठनहरूको पनि ध्यानाकर्षण गराउँ । यी सवैका लागि हामी प्रतिवद्ध छौं ।

**अञ्जना विशंखे**





# आफुलाईं मूल्यवान बनाउन संघर्ष गर्दै

केश स्टोरी

प्रभा आङ्‌ढम्वे

मरो घर पाँचथर जिल्ला फिदिम नगरपालिका वडा नम्बर ६ हो । म अहिले २० वर्षकी भएँ । म शारिरीक रूपमा अपाङ्गता हुँ । मेरो परिवारमा सात जना सदस्य छन् । मेरो परिवारको आर्थिक अवस्था धेरै नाजुक छ । मेरो आमाबुवा भारतको दार्जिलिङमा दैनिक ज्याला मजदुरीमा काम गर्नुहुन्छ । घरको अवस्था नाजुक भएको कारणले आमाबुबा दुवै जना ज्यालादारी काम गर्न बाहिर जानुभएको हो । घरमा चार बहिनी छन । आफ्नो जग्गा जमिन खेतीपाती गरेर खाने ठाउँ छैन । आमाबुबाले आफ्नो परिश्रमले पहाडमा चार आना जग्गा किनेर आफ्नो घर बनाउनुभएको छ ।

म हाल नेपाल ल क्याम्पस काठमाडौँमा बिएललबि को तेस्रो सेमेस्टर मा अध्ययनरत छु । मेरो सपना वकिल भएर अपाङ्गता क्षेत्रमा भएको मजस्तै अपाङ्गता भएका व्यक्तिलाई न्याय दिने हो । किन कि खासगरी अपाङ्गता भएका महिलाले आफूले भोगेको सामाजिक हिंसा, घरेलु हिंसा लुकाएर नराखुन भन्ने मेरो चाहना थियो । तर मेरो पारिवारको आर्थिक अवस्थाका कारण मलाई लाग्दैनथ्यो की मैले मेरो पढाइ अघि बढाउन पाउँछु । के पढ्ने, कहाँ पढ्ने भन्ने खोजी गर्दै जाँदा मैले पाँचथर जिल्ला अपाङ्ग

संघका अध्यक्ष नविनचन्द्र ढुगेंललाई भेटें । उहाँले मलाइ कानुन विषय लिएर पढ्न सल्लाह दिनुभयो । यसका लागि उहाँले सवै जानकारी दिनुभयो र प्रवेश परिक्षा तयारीका लागि पुस्तक पनि दिनुभयो । मैले प्रवेश परीक्षाका लागि तयारी थालें । काठमाडौंको नेपाल ल क्याम्पसमा नाम निकाल्न मलाई कठिन थियो । किनकि मलाइ कानुनका विषयमा धेरै ज्ञान थिएन । मैले १२ कक्षामा यो विषय लिएर पढेकी होइन । त्यसको बाबजूद पनि मैले एक महिनामा अध्ययन गरेर अपाङ्गता कोटामा नेपाल ल क्यामपसमा नाम निकाल्न सफल भएँ । नाम त निकालें तर काठमाडौंमा कहाँ बस्ने भन्ने टुंगो थिएन । मैले लामो बाटोको यात्रा एक्लै गरेकी थिइन । मलाइ यस कुराले सताउन थाल्यो । मैले यो कुरा अध्यक्ष ढुगेंललाई बताएँ । घरको आर्थिक अवस्था कमजोर थियो । साथै म प्लस टु गाउँमा बसेर पढेका कारण काठमाडौँ जस्तो ठाउँमा मलाई मेरो परिवारले जान दिनु हुन्न थियो । मेरो पढाइ अघि बढाउन आमाबाबालाई मनाउन मलाइ गाह्रो भएको थियो । तर पनि बाबाले पढाइमा केही मात्रामा म सहयोग गर्न सक्छु, सबै जिम्मा लिन सक्दिन भन्नुभयो र मैले पढाइ अघि बढाउने कुरामा सहमत हुनुभयो ।


मैले केही गरेर भएपनि पढ्छु तर घरबाट अलिकति सहयोग गर्न उहाँहरूलाई अनुरोध गरें । मेरो बाबाआमा यसमा सहमत हुनुभयो । मलाइ खुशी र चिन्ता सँगसँगै भयो । तर मलाई सफल हुनु थियो, साथै सफल बन्दै आफूलाई मूल्यवान बनाउनका लागि निरन्तर संघर्ष गर्नका लागि आफैंलाई तयार गर्नु थियो ।

किनकि त्यो समाजले भनेको जस्तो केही गर्न नसक्ने व्यक्ति म थिइन । मलाइ सफल हुनु थियो । मैले मेरो समस्या फेरी जिल्ला अपाङ्ग संघका अध्यक्ष नविनचन्द्र ढुगेंल समक्ष राखें । उहाँले मलाई चिन्ता नलिन भन्दै बस्ने होस्टल र पढाइको व्यवस्था आफुले गरिदिने आश्वासन दिनुभयो ।

उहाँले मलाइ नेपाल अपाङ्ग महिला संघमा अपाङ्गता भएको महिला बस्ने होस्टेलमा बसेर नियमित क्याम्पस जाने वातावरण मिलाइ दिनुभयो । उहाँप्रति मनबाट नै आभार व्यक्त गर्न चाहन्छु । साथै पहिलो वर्षको पढाइका लागि करूणा फाउण्डेसन नेपाल र अन्य व्यक्तिहरूको सहयोग पाएँ । दोस्रो सेमेस्टरमा नेपाल अपाङ्ग महिला संघको समन्वयमा रोटरी क्लवले प्रदान गरेकोले अध्ययन गर्न सहज भयो । नेपाल अपाङ्ग महिला संघमा मैले विभिन्न सुविधाहरू पाएकी छु । साथै धेरै अनुभव, सिकाइ, ज्ञानहरू अपाङ्गता क्षेत्रमा भएका कामहरूका बारेमा बुझ्न पाएकी छु । त्यसैले नेपाल महिला संघलाई मेरो अध्ययन अघि बढाउन सहयोग गर्नुभएकाले मनबाट नै म उहाँहरू प्रति आभारका साथै धन्यवाद दिदै आउने दिनहरूमा पनि सहयोग र मायाको आशा गर्छु ।

# संस्थाका आन्तरिक नीति निर्माण र संशोधन

नेपाल अपाङ्ग महिला संघको उद्देश्य, परिदृश्य, लक्ष्य, सिद्धान्त र नैतिक मूल्य मान्यतालाई पालना गर्न र संस्थाले पाँचवर्षे रणनीति (२०२२-२०२६), निर्देशिकाहरू, संस्थामा आवद्ध सबै संरचना र तहमा संलग्न सबै व्यक्तिका लागि लागू हुने गरी आचारसहिंता निर्माण गऱ्यो भने केही संशोधन गरियो । यो आचारसंहिता तथा नीति निर्देशिकाहरू संस्थाका कार्यसमितिका सदस्य, पदाधिकारी, कर्मचारी तथा परामर्शदाता र स्वयंसेवकहरूले व्यवसायीक रूपमा पालना गर्नुपर्ने हुन्छ । माथि उल्लेखित सबैलाई आफुले पालना गर्ने कुरा र संस्थाभित्र काम गर्ने वातावरण, सुरक्षा, हौसला मनोबल बढाउने, कार्यक्षेत्रमा यौनजन्य हिंसा, दुर्व्यवहार, भ्रष्टाचार, ठगी र अनैतिक अभ्यासहरूलाई निरूत्साहित गर्नेछ । साथै महिलावादी सोच, मुल्य र मान्यतालाई आत्मसात गर्दै र अपाङ्गतामैत्री वातावरण, व्यवहार र शब्दावली प्रयोग र विविधताको सम्मान गर्न प्रतिवद्ध हुन र जवाफदेही बन्न मार्गनिर्देश गरेको छ । साथै आफूमाथि र टिममा हुन् सक्ने सम्भावित जोखिम कम गर्न र आवाज सुनुवाई गर्न गुनासो सुनुवाई संयन्त्र स्थापित गर्ने बारेमा जानकारी दिने Whistle Blowing नीति, प्रशासन तथा आर्थिक नीति, पनि निर्माण गरियो । लैंगिक समानता, अपाङ्गता र सामाजिक समावेशी नीति (GED–SI) योजना, अनुगमन तथा मुल्याङ्कन निर्देशिका (PMER Guideline) लगायत ४ वटा आन्तरिक नीति यो वर्ष बने ।






# दिवसहरुमा अभियान र र्‍याली

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस ८ मार्चको अवसरमा नेपाल अपाङ्ग महिला संघले र्‍यालीको आयोजना गर्‍यो । महिलाको श्रमको पहिचान, मान्यता एवं रोजाईको काम गर्न पाउने अधिकारका लागि महिला दबाब अभियान भन्ने नारासहित विहान साढे ८ बजे भद्रकालीबाट सुरू भएको र्‍याली टुँडिखेलमा पुगेर सभामा परिणत भएको थियो । प्लेकार्ड र व्यानर सहित निस्केको र्‍यालीमा सहभागीले महिला हिंसाविरूद्ध, महिला अधिकारसम्बन्धी नारा लगाएका थिए ।

र्‍यालीमा विभिन्न संघसंस्थाका प्रतिनिधि सहभागी थिए । र्‍यालीमा नेपाल अपाङ्ग महिला संघबाट ५५ जना अपाङ्ता भएका महिला सहभागी थिए ।

यसैगरी अपाङ्गता भएका व्यक्तिहरूको ३१ औं अन्तर्राष्ट्रिय दिवस डिसेम्बर ३ का अवशरमा काठमाडौंमा प्रभातफेरीको आयोजना गरियो । महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री उमा रेग्मीले भृकुटीमण्डपबाट प्रभातफेरीको सुरूवात गर्नुभएको थियो । महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय अपाङ्ग महासंघको संयुक्त आयोजनामा भएको प्रभातफेरी भृकुटीमण्डपबाट सुरू भइ शहिदगेट, रत्नपार्क हुँदै पुनः भृकुटीपण्डप पुगेर सभामा परिणत भएको थियो । मन्त्री रेग्मीसहित निस्किएको प्रभातफेरीमा अपाङ्गता अधिकारको क्षेत्रमा कार्यरत संघसंस्थाहरूको उल्लेख्य सहभागिता थियो । साथै अन्तर्राष्ट्रिय साझेदार संस्थाको पनि प्रभातफेरीमा सहभागी थिए । प्रभातफेरीमा नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरी आफ्नो व्याण्डसहित सहभागी भएका थिए । "समावेशी विकासका लागि रूपान्तरित समाधानः पहुँचयुक्त र समतामूलक विश्वका लागि उर्जावान सिर्जनशीलताको प्रवधान" भन्ने नारा यस वर्षको ३१ औं अपाङ्गता दिवसको नारा रहेको थियो । प्रभातफेरीमा नेपाल अपाङ्ग महिला संघले "अपाङ्गता भएका महिलाविरूद्ध हुने हिंसा अन्त्यका लागि साझेदारीः न्यायमा पहुँचका लागि खबरदारी" भन्ने नारासहित सहभागिता जनाएको थियो ।

# अन्तर्राष्ट्रियस्तरको सहभागिता

Transforming Communities for Inclusion (TCI) द्वारा इण्डोनेशियाको जकार्तामा ग्लोवल डिसेविलिटी समिटको समीक्षा गर्न आयोजित कार्यशालामा नेपाल अपाङ्ग महिला संघले सहभागिता जनायो । अक्टोवर ३ र ४ तारिकमा जकार्तामा भएको कार्यशाला ग्लोवल डिसेविलिटी समिटमा गरिएका प्रतिवद्धता अनुसार मनोसामाजिक अपाङ्गतालाई अपाङ्गताका अन्य अभियानमा कसरी समाहित गर्ने भन्ने विषयमा छलफल भएको थियो । यो विषयमा नेपालका तर्फबाट सहभागी नेपाल अपाङ्ग महिला संघ र कोशीश नेपालले कार्ययोजना बनाएका थिए । उक्त कार्यशालामा नेपालका तर्फबाट पाँच जना प्रतिनिधिको सहभागिता थियो । यसैगरी गत अक्टुबर १९ देखि २१ तारिकसम्म इन्डोनेसियाको राजधानी जकार्तामा भएको अन्तरदेशीय उच्चस्तरीय बैठकमा नेपालबाट OPDs को तर्फबाट ४ जनाको सहभागिता रह्यो । "High–level Intergovernmental Meeting on the Final Review of the Asian and Pacific Decade of Persons with



Disabilities 2013–2022" शिर्षकमा सम्पन्न उक्त कार्यक्रममा एसिया प्रशान्त क्षेत्रमा २५ देशका उच्चस्तरका प्रतिनिधिले इन्चोन रणनीतिको कार्यान्वयनमा अपाङ्गता भएका व्यक्तिको अधिकारको कार्यान्वयनमा प्रगतिको अवस्था, हालको अवस्था, चुनौती र आगामी दिनका लागि वकालतका साझा मुद्दा तय गर्ने बारेमा सहमति भयो । जस अन्तर्गत अपाङ्गता भएका महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि बलियो संयन्त्र निर्माण गर्नुपर्ने, जलवायु परिवर्तन र विपद व्यवस्थापनमा अपाङ्गता समावेशीकरण, पहूँचयुक्त र अपाङ्गतामैत्री नविन प्रविधिको विकास, आर्थिक शसक्तिकरण र पहूँचयुक्त समावेशी रोजगारीका ढाँचा निर्माण साथै अपाङ्गताका क्षेत्रका कानुन निर्माण र कार्यान्वयनमा प्राथमिकता दिनेलगायतका विषयमा देशहरू सहमत भए । यस सन्दर्भमा नागरिक समाजका तर्फबाट नेपालमा अपाङ्गता क्षेत्रमा भएका प्रगति, उठाएका प्रमुख मुद्दाहरू र चुनौतीका विषयमा विभिन्न समानान्तर सेसनहरूमा प्रस्तुति गरिएका थिए । उक्त बैठक UN ESCAP ले आयोजना गरेको थियो, यसै सन्दर्भ मा २ दिनको नागरिक समाजको फोरम पनि आयोजना गरेको थियो । यस वैठक र नागरिक समाजको फोरममा नेपाल अपाङ्ग महिला संघका अध्यक्ष टीका दाहाल र महासचिव मीना पौडेल सहभागी हुनुभएको थियो ।




# पहुँचयुक्त ढाँचामा सूचना संचार र प्रकाशनहरु

संघले सूचना तथा संचारमा पहुँचयुक्तताका लागि पनि निरन्तर आवाज उठाउँदै आएको छ । पहुँचयुक्त सूचना सम्प्रेषणका लागि संस्थाले आफुले प्रकाशन गर्ने सूचनामूलक सामग्रीहरू पनि पहुँचयुक्त ढाँचामा प्रकाशन र प्रशारण गर्दै आएको छ । यो वर्ष संस्थाले प्रकाशन गरेका इ-बुलेटिन, जानकारीपत्र, वार्षिक बुलेटिनहररू पहुँचयुक्त ढाँचामा आफ्नो वेवसाइटमा प्रकाशन गर्दै आएको छ । यसैगरी अपाङ्गता भएका महिलामाथि हुने लैंगिक हिंसाविरूद्धको टेलिभिजन कार्यक्रम "आँखिझ्याल" तथा अपाङ्गता भएका महिलाको सफलताको कथा समेटेर तयार पारिएको वृत्तचित्र "आवाज मौनताको" पहुँचयुक्त ढाँचामा उत्पादन, प्रकाशन र प्रशारण गरेको छ । अपाङ्गता भएका महिलाहरूको सफलताको कथा समेटेर तयार पारिएको पुस्तक "आवाज मौनताको"प्रकाशन भएको छ भने संस्थाको वेव साइट पनि पहुँचयुक्त ढाँचामा निरन्तर अपडेट गरिरहेको छ । संस्थाले यो वर्षदेखि आफूले गरेका सम्पूर्ण गतिविधिको डिजिटल दस्तावेजीकरण सुरू गरेको छ ।










# सुरक्षित आवास / पुनर्स्थापना

संस्थाले हिंसा प्रभावित अपाङ्गता भएका महिला/बालिकाहरूको उद्धार, कानुनी सहायता र पुनर्स्थापनाका कार्यलाई निरन्तरता दियो । यसवर्ष पनि संघले सातै प्रदेशबाट १० जना बलात्कार तथा यौन हिंसा प्रभावित अपाङ्गता भएका महिला/बालिकालाई न्यायमा पहुँचका लागि कानुनी सहायता उपलब्ध गरायो । साथै १० जना अपाङ्गता भएका महिलालाई संस्थाद्वारा सञ्चालित पुनर्स्थापना गृहमा सेवा सुविधाहरू दिइरहेको छ ।






## सरकारी सहयोग र साझेदारी

- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- बागमती प्रदेश
- जिल्ला, प्रदेश र पालिकाहरूमा संघको पैरवीका कारण अपाङ्गता भएका व्यक्तिका लागि बजेट विनियोजन र कार्यक्रम समावेश

## अन्तर्राष्ट्रिय निकायसँगको साझेदारी

- सीवीएम ग्लोवलसँग बहुवर्षीय सम्झौता
- युन वीमेन नेपाल
- वीमेनकाइण्ड वर्ल्डवाइड
- परिवार नियोजन संघको Elrha परियोजना अन्तर्गत नेपालमा लैंगिकता,यौन तथा प्रजनन स्वास्थ्यमा सामुदायिक तयारी सुदृढिकरण कार्यक्रम
- Asia Pacific Women Law & Development (APWLD)

# सिकाइहरु

- ❑ अपाङ्गता भएका महिलाहरू राजनीतिक र अन्य राज्यका निकाय र संरचनामा अपाङ्गता भएका महिलाको सहभागिताका मुद्दा छुटाइएकाले समावेशीताको मुद्दालाई सामूहिकरूपमा बलियो गरी उठाउन आवश्यक
- ❑ अपाङ्गताभित्रको विविधताको मुद्दा सम्बोधनका लागि यसक्षेत्रमा कार्यरत संघसंस्था र अन्य सरोकारवालालाई सवेंदनशील बनाउन वहस र छलफललाई व्यापक बनाउनुपर्ने ।
- ❑ राज्यको पुनर्संरचना अनुरूप संघ, प्रदेश र स्थानीय तहमा अपाङ्गता भएका महिलाकासवाल र मुद्दाहरूमा वकालत पैरवी गर्न नीतिगतवकालत सहजीकरण पुस्तिका निर्माण हुनुपर्ने,
- ❑ स्थानीय तहमा निरन्तर वकालत र पैरवी गर्न नीतिपत्र र सञ्जालहरू तयार गरी नेतृत्वको दक्षता अभिवृद्धि र सक्रियता आवश्यकता भएको,
- ❑ अपाङ्गता भएका हिंसा प्रभावित महिलाहरूलाई उनीहरूको परिवार र समाजमा पुनःस्थापनाका क्रममा निकै चुनौती भएको हुँदा यसका लागि राज्यले विशेष नीति र कार्यक्रम बनाइ तुरुन्त कार्यान्वयनमा ल्याउन अत्यावश्यक,
- ❑ संस्थागत कोर फण्ड र आकस्मिक कोष निर्माण गरी हिंसा प्रभावित अपाङ्गता भएका महिलालाई आवश्यकताका आधारमा आर्थिक सहयोग उपलब्ध गराउन जरूरी,

## सरकारी सहयोग र साझेदारीः

- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- बागमती प्रदेश
- जिल्ला, प्रदेश र पालिका

## अन्तराष्ट्रिय साझेदार निकाय

- Christian Blind Mission (CBM Global)
- Open Society foundation(HRI/OSF)
- Women for Asia
- WomenKind Worldwide
- United Nations Trust Fund (UNTF)
- United Nation Women (UNWOMEN)
- Global Fund for Women
- World Education Inc.

## मानव अधिकार संघ संगठन र संजालहरूसँगको समन्वय/सहकार्य

- संकल्प महिला सञ्जाल
- महिला गैरसरकारी संस्था महासंघ
- दिगो विकास लक्ष्य राष्ट्रिय सञ्जाल
- परिवार नियोजन संघ (FPAN)
- टेवा
- नेपाल मतदाता अधिकार मंच
- ओरेक
- जुरी नेपाल
- द एन्टेना फाउन्डेसन
- नेपाल वातावरण पत्रकार समूह (नेफेज)
- रोटरी क्लब अफ यल
- प्राईम बैंक
- क्यान महासंघ (कम्प्युटर एशोसिएसन नेपाल महासंघ)

